STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १६ गते बिहीबार ❑ 2 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## दलका महाधिवेशनले राष्ट्रिय एकतामा सहयोग गर्छ : प्रम देउवा

**रासस**
**काठमाडौं, १५ मंसिर**

प्रधानमन्त्री शेरबहादुर देउवाले राजनीतिक दलका महाधिवेशनको मौसम चलेकाले तिनले राष्ट्रिय एकता र सहमति निर्माणका लागि सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को एकता महाधिवेशन उद्घाटन समारोहलाई बुधबार यहाँ सम्बोधन गर्नुहुँदै उहाँले यसै हप्ता नेकपा (एमाले)को महाधिवेशन सम्पन्न भएको उल्लेख गर्नुहुँदै आफ्नो दल नेपाली कांग्रेस पनि अर्को हप्ता १४ औं महाधिवेशनका तयारीमा जुटेको बताउनुभयो। सबै दलका महाधिवेशनले राष्ट्रिय महत्वका विषयमा साझा धारणा बनाउनुपर्ने प्रधानमन्त्री देउवाको भनाइ थियो।

उद्घाटन समारोहमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ राष्ट्रिय एकताको आवश्यकता रहेको औंल्याउनुभयो। मुख्य राजनीतिक दलबीच अन्तरविरोध एवं विवादका माझ पनि साझा मुद्दामा एकता कायम हुनुपर्नेमा उहाँले जोड दिनुभयो। नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनता र देशलाई राजनीतिको केन्द्रबिन्दु बनाएर साझा विषयमा सबै दलबीच एकता कायम हुनुपर्ने बताउनुभयो। राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्यायका विषयमा मुख्य दलले एकता गरेर अघि बढ्न राप्रपाको महाधिवेशनले योगदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । राजनीतिक परिवर्तनको मूल कारण आन्तरिक शक्ति भएको उल्लेख गर्नुहुँदै पूर्वप्रधानमन्त्री नेपालले यसमा कसैले भ्रम पालेको भए अन्त्य गर्न अनुरोध गर्नुभयो।

नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले राजनीतिक स्थिरताका लागि मुख्य दलहरूका बीचमा साझा मुद्दा निर्माण गरिनुपर्नेमा जोड दिनुभयो । सबै दलले देशभन्दा ठूलो अरु हुन नसक्ने भावमा साझा मुद्दा निर्माणमा काम गर्नुपर्ने उहाँको विचार थियो । नेकपा (माले)का अध्यक्ष सिपी मैनालीले विसं २००७, २०४६ र २०६३ को परिवर्तन बाह्य शक्तिको प्रभावमा भएकाले राजनीतिक स्थिरता कायम हुन नसकेको दाबी गर्नुभयो । सबै दलले देशभक्तिलाई समेटेर साझा मुद्दामा एकता कायम गर्नुपर्ने उहाँको भनाइ थियो।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता अनिलकुमार झाले राप्रपा नेता कमल थापा उपप्रधानमन्त्री हुँदा उहाँको संयोजकत्वमा रहेको सरकारी वार्ता टोलीसँग मधेश मुद्दाका विषयमा भएको पार्टीको सम्झौता कार्यान्वयन गराउने दिशामा महाधिवेशनले नीति बनाउने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रिय जनमोर्चाका नेता लालबहादुर थापाले सङ्घीयता उपयुक्त छैन भनी अन्तरिम संविधानकालदेखि नै पार्टीले भन्दै आएको उल्लेख गर्नुहुँदै प्रदेशको खर्च कटाएर स्थानीय तहलाई दिई अधिकार क्षेत्र बढाउने गरी राप्रपाले पनि प्रस्ताव पारित गर्न सुझाव दिनुभयो।

जनता समाजवादीका नेता प्रकाश अधिकारीले विभेद अन्त्य नभई देशमा विकास नहुने भएकाले संविधान संशोधन हुनुपर्नेमा जोड दिनुभयो। संविधान संशोधनमार्फत सबैका मुद्दा समेटेर राष्ट्रिय एकता कायम गरिनुपर्ने उहाँको भनाइ थियो।

## सूचनाको हकसम्बन्धी कानून निर्माणमा गण्डकी सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले सुचनाको हकसम्बन्धी कानून निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

बुधबार सञ्चारिका समूह गण्डकी प्रदेशले लेखनाथमा आयोजना गरेको सुचनाको हकसम्बन्धी दुई दिने प्रवोधिकरण तथा प्रदेश भेला कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री थापाले गण्डकी सरकारले सो सम्बन्धी विधेयक ल्याउन लागेको र मस्यौदा निर्माणको काम भइरहेको जानकारी गराउनुभयो।

'गण्डकी सरकार सुचनाको हकसम्बन्धी कानून बनाउन प्रतिबद्ध छ। अहिले मस्यौदाको काम भइरहेको छ। विज्ञहरुसँग सल्लाह गरी प्रदेश सुचनाको हकसम्बन्धी कानून बनाउँछौं।', उहाँले भन्नुभयो। मन्त्री थापाले सुचनाको हकसम्बन्धी कानून निर्माणमा प्रदेश सरकारहरु मध्ये गण्डकी पहिलो बन्ने दाबी गर्नुभयो । उहाँले सुचनालाई लुकाउने प्रवृतिलाई चिर्न तालिम महत्वपूर्ण हुने विश्वास समेत गर्नुभएको छ । कमिकमजोरी र गलत भएका स्थानहरुमा सुचनालाई लुकाउने प्रवृति व्यापक भएको उल्लेख गर्दै नागरिकको सुचनाको हक पाउने संवैधानिक अधिकार हनन गरिनु अपराध भएको उहाँले बताउनुभयो। आफु व्यवसायिक क्षेत्रबाट राजनीतिमा आएको उल्लेख गर्दै मन्त्री थापाले अबको राजनीति व्यवसायिक राजनीति हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, ' अबको राजनीति व्यवसायिक हुनुपर्छ। राजनीतिलाई पेशा वा जागिर रुपबाट मात्रै हेरिनुहुँदैन। यो त विशुद्ध सामाजिक सेवा हो। राजनीतिमा मात्रै भर पर्नुपर्ने आर्थिक अवस्थाबाट माथि उठेर व्यवसायिक क्षेत्रमा समेत नेताहरु आबद्ध हुनुपर्ने अहिलेको आवश्यकता हो। यसले भ्रष्टाचार न्युनिकरणमा मदत पुग्छ।'



कानून बनाउनुमात्रै ठूलो कुरा नभई सफल कार्यान्वयन पनि महत्वपूर्ण विषय रहेको मन्त्री थापाको भनाई छ। कार्यक्रममा पूर्व राष्ट्रिय सुचना आयुक्त तथा प्रशिक्षक यशोदा तिमिल्सिनाले शासनमा बस्दा सुचना दिने नदिने र शासनबाट बाहिर हुनेबित्तिकै हरेक नागरिकले सुचना पाउनुपर्छ भन्दै हिड्ने प्रवृति राजनीतिक दलहरुमा मौलाएको बताउनुभयो । उहाँले नेपालका प्रदेश सरकारले समेत भारतमा जस्तै आयोगहरु गठन गरि नागरिकले सजिलै सुचना पाउनुपर्ने अधिकारलाई व्यवस्थापन गर्ने कानून निर्माण गर्नुपर्ने आवश्यकतालाई औंल्याउनुभयो।

संविधानको धारा २७ मा हरेक नेपालीलाई सार्वजनिक विषयमा जानकारी लिने अधिकार हुँदाहुँदै कुण्ठित हुनुपर्ने अवस्था सिर्जना भएको भनाई उहाँको छ।

नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिमिल्सिना पंगेनीले सुचना अधिकारीहरु सुचनामैत्री भइदिएको खण्डमा प्रत्येक नागरिकले सहजै सुचना पाउन सक्ने बताउनुभयो। उहाँले अहिले महिला पत्रकारलाई सुचना पाउन नै मुस्किल भइरहेको अभिव्यक्ति दिनुभयो । पुरुष पत्रकारलाई जस्तो सहज महिला पत्रकारलाई नभएको धारणा उहाँको छ । पोखरा महानगरपालिका वडा ३१ का वडाअध्यक्ष कमल बहादुर थापाले सबै महत्वपूर्ण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राप्रपा नफुट्ने गरी एकता महाधिवेशन : अध्यक्षत्रय

**रासस**
**काठमाडौं, १५ मंसिर**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेताहरूले फेरि दल नफुट्ने गरी एकताबद्ध बनाएर अघि बढ्न एकता महाधिवेशन आयोजना गरिएकामा जोड दिनुभएको छ।

पार्टीको एकता महाधिवेशन उद्घाटन समारोहलाई आज सम्बोधन गर्दै अध्यक्ष पशुपतिशम्शेर जबराले दललाई एकताबद्ध बनाइराख्न आफू अध्यक्षको उम्मेदवार नहुने निर्णयमा पुगेको जानकारी दिनुभयो।

"मैले जितेपछि पार्टी फुट्यो भने तीतो अनुभव हुन्छ, यसैले अध्यक्ष पदमा उम्मेदवार बन्दिनँ, अध्यक्ष दाबेदार मित्र कमल थापा र राजेन्द्र लिङ्देनलाई पनि सर्वसम्मतरूपमा अध्यक्ष निर्वाचित गरेर एकताको सन्देश दिन आह्वान गर्छु, सम्भव भएन भने प्रजातान्त्रिक प्रक्रियाबाट आउने परिणामलाई सबैले मान्नुपर्छ", उहाँले भन्नुभयो।

पार्टीका अर्का अध्यक्ष डा प्रकाशचन्द्र लोहनीले दलमा एकता महाधिवेशनले फुटको अन्त्य भई एकताबद्ध भएर अघि जाने वातावरण बन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो। "नेपाललाई एकताको सूत्रमा बाँध्न पृथ्वीनारायण शाहका दिव्योपदेशको बाटो अर्थात् पृथ्वीपथ चाहिन्छ, पृथ्वीनारायण शाहले धर्मप्रचारका माध्यमबाट नेपालमा अनेकता ल्याउन खोज्ने पोर्चुगिज पादरीलाई फिर्ता गर्नुभएको थियो, विभिन्न नाममा आउने विदेशीले नेपालमा अनेकता फैल्याउन काम गरेका छन्", उहाँले भन्नुभयो।

नेपालमा राजनीतिक विकासमात्र भई विकासका लागि राजनीति नभएकाले यसतर्फ सबै दलले चिन्तन गर्नुपर्ने पूर्वमन्त्रीसमेत रहनुभएका अध्यक्ष लोहनीको भनाइ थियो। नेपाललाई वैदिक सनातन हिन्दू राष्ट्र घोषणा गरी धार्मिक पर्यटन प्रवर्द्धनका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्नू : स्वास्थ्य मन्त्रालय

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ मंसिर**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न अपिल गरेको छ।

कोभिड-१९ को ओमिक्रोन भेरियन्टको सङ्क्रमणलाई दृष्टिगत गर्दै अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न तथा सावधानी अपनाउन मन्त्रालयले अपिल गरेको हो । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले नेपालमा सङ्क्रमण फैलिन नदिन अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार हालसम्म उक्त भेरियन्ट नेपालमा फेला परेको छैन। उहाँले ओमिक्रोन भेरियन्टको आवश्यक निगरानी तथा परीक्षणको दायरालाई फराकिलो पारिएको बताउनुभयो।

"नयाँ देखिएको यो भेरियन्टलाई समयमै सावधानी अपनाई नेपालमा प्रवेश हुन नदिन र जनजीवनलाई सामान्य राख्न मन्त्रालय तथा सबै निकाय तीव्र रूपमा एक भएर काम गरिरहेको अवस्था छ", उहाँले विज्ञप्ति जारी गर्दै भन्नुभएको छ।

उहाँका अनुसार उक्त भेरियन्टले बढी सङ्क्रामक तथा सबै उमेर समूहका व्यक्तिमा असर पार्ने देखिएको छ। ओमिक्रोन सङ्क्रमण रोक्न सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डको पालना गर्न/गराउनसमेत मन्त्रालयले अनुरोध गरेको छ। केही दिनअघि मात्र अफ्रिकी मुलुकमा पहिचान गरिएको ओमिक्रोन भेरियन्ट (द्य.१.१.५२९) साउथ अफ्रिका तथा एसियाका केही मुलुकमा अहिले तीव्र विस्तार भइरहेको अवस्था छ। विश्व स्वास्थ्य सङ्गठनले यो नयाँ भेरियन्टलाई विश्वव्यापी भेरियन्ट अफ कन्सर्न भनी घोषणा गरेको छ।

मन्त्रालयले कोभिड-१९ विरुद्धको खोपले कोभिड-१९ बाट बचाउन मद्दत गर्ने भएकाले आफूलाई पायक पर्ने ठाउँमा गई खोप लगाउन पनि अनुरोध गरेको छ।

## ६१ जिल्लामा कांग्रेसको अधिवेशन सम्पन्न

**रासस**
**काठमाडौं, १५ मंसिर**

नेपाली कांग्रेसले १४औं महाधिवेशनअन्तर्गतबुधबारसम्म ६१ जिल्लामा पार्टीको जिल्ला अधिवेशन सम्पन्न गरेको छ। यसबाहेक सबै जिल्लाका कूल १६५ प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ३३० प्रदेशसभा निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न भइसकेको पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट औषतमा २६ जनाका दरले महाधिवेशन प्रतिनिधि चयन हुने र प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रबाट औषतमा १८ जनाका दरले प्रदेश प्रतिनिधि चयन हुने पार्टी विधानको व्यवस्था छ। बुधबारसम्म सबै जिल्लामा प्रतिनिधि सभा र प्रदेशसभा क्षेत्रीय अधिवेशन सम्पन्न भइसकेको समिति सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिनुभयो।

कांग्रेसले यसअघि देशभरका सबै वडा र पालिकामा पार्टीको अधिवेशन सम्पन्न गरिसकेको छ। कांग्रेसले बिहीबारदेखि सातै प्रदेशमा पार्टीको प्रदेश अधिवेशन प्रारम्भ गर्दैछ। जिल्ला अधिवेशन हुन बाँकी १६ जिल्लाको अधिवेशन भने पार्टीको महाधिवेशन पछि मात्र हुने समितिले जनाएको छ।

समितिले मङ्सिर १६ गतेदेखि प्रदेश कार्यसमितिको निर्वाचन कार्यतालिका तय गरेको छ । मङ्सिर १६ गते बिहान १० बजे मतदाता नामावली प्रकाशित गर्ने, मङ्सिर १७ गते बिहान ८ देखि ११ बजेसम्म उम्मेदवार मनोनयन पत्र दर्ता गर्ने, सोही दिन दिउँसो ११ देखि १ बजेसम्म मनोनयन पत्रमाथि पर्ने दाबी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र मङ्सिर १७ गते २ बजे सो उपर निर्णय गर्ने प्रदेश निर्वाचन कार्यतालिका रहेको छ। मङ्सिर १७ दिउँसो २ देखि साँझ ५ बजेसम्म उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपी) पहिलो नाम प्रकाशित गर्ने, सोही दिन साँझ ६:३० मनोनयन फिर्ता लिने, साँझ ७:३० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मङ्सिर १८ गते बिहान ८ बजेदेखि प्रदेश कार्यसमितिका लागि मतदान सुरु हुने समिति संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो। कांग्रेसको १४औं महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौंमा हुँदैछ।

VACANCY ANNOUNCEMENT

**Presidential Immigration Pvt. Ltd. (Pokhara)** is seeking for smart professional and experienced candidates for following posts.

**1. Front Desk Officer**
**Qualification:** Minimum +2

**2. Manager**
**Qualification:** Minimum Bachelor completed

**3. Counselor**
**Qualification:** Minimum Bachelor completed

**4. Server and Cook**
Experience in related field

**Salary:** Attractive and Negotiable

**Email your CV at : psdimmigration.pkr@gmail.com**
**Office Location: Jarebar-6, Lakeside, Pokhara, Nepal**

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# राप्रपा महाधिवेशन

राष्ट्रिय प्रजातन्त्र पार्टीको एकता महाधिवेशन शुरु भएको छ। तीनवटा राप्रपा मिलेर बनेको पार्टीको एकता अधिवेशनबाट नयाँ नेतृत्व चयन हुनु अगावै रस्साकस्सी चलेपछि विभाजन नगर्ने प्रतिबद्धता जनाउन बाध्य भएका छन । महाधिवेशनमा पराजित हुनेले पार्टी विभाजन गर्ने रोगबाट राप्रपा मुक्त हुन सकेको छैन । बैकल्पिक राष्ट्रवादी शक्ति बन्ने उद्देश्य राखेर बनेको राप्रपाका संस्थापक पञ्चायतकालका हर्ताकर्ता हुन । राजसंस्थाको वकालत गर्ने राप्रपाका नेताहरू मुद्दामा एक भएपनि ब्यक्तिवादी सोचले गर्दा पटकपटक विभाजित भएका छन । सत्तामा गएपछि मुद्दा छाड्ने गरेको आरोप नेतृत्वले खेप्नुपरेको छ । चुनावको मुखमा विभाजित बनेको कारण राष्ट्रिय पार्टी समेत बन्न सकेको छैन ।

देशका सबै जिल्लामा संगठन भएको राप्रपाले राष्ट्रिय पार्टीको मान्यता पाउन नसक्नु विभाजन हो । तीन अध्यक्ष बनाउनुभन्दा एक अध्यक्षबाट पार्टी गतिशील हुने ठानेर यही महाधिवेशनमा एकल अध्यक्षमा जाँदैछ । तीन तिर फर्केका अध्यक्षले एकल नेतृत्वमा बाँधिनेमा आशंका छ । अध्यक्षत्रय कमल थापा, पशुपति शमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीले पार्टीमा फुट आउन नदिने प्रतिवद्धता जनाएका छन् । अध्यक्षत्रय थापा, राणा र लोहनीले पार्टीको वृहत्तर हितका लागि आफूहरु त्याग गर्न पनि तयार रहेको बताएका छन । नेपाली उखान ढाँटको निम्तो खाइ पत्याउनु भने भ्रै त्रय अध्यक्षको आगामी कदमले देखाउनेछ । बुधबारबाट काठमाडौंमा सुरु भएको पार्टी एकताको महाधिवेशनमा बोल्दै अध्यक्ष थापाले महाधिवेशनबाट पार्टीलाई एकतावद्ध बनाउने प्रतिज्ञा गर्न पनि पार्टीका नेता, कार्यकर्तालाई आग्रह गरे । उनले नेतृत्व चयन सकेसम्म सर्वसम्मत हुने, नभए लोकतान्त्रिक विधि र प्रक्रियालाई मानेर अघि बढने स्पष्ट पारे ।

अर्का अध्यक्ष राणाले पार्टी एकतामा खतरा उत्पन्न हुन नदिन आफूले अध्यक्षमा दावी नगर्ने निर्णय लिएको बताए। उनले अध्यक्षमा आफू विजय हुने भन्दा पनि पार्टीलाई एकतावद्ध बनाउने कुरालाई आफूले प्राथमिकता दिएको बताए । अध्यक्ष राणाले भने, 'मैले अहिलेको अवस्थामा पार्टीको बृहत्तर हित र एकताका लागि आफ्नो दावी छोडनु पर्छ भन्ने टुंगोमा पुगे। त्यो टुंगोमा पुग्दा धेरै साथीहरुले अत्यन्त चित्त दुखाए। तर मैले आफू विजयी हुने भन्दा पनि पार्टीलाई एकतावद्ध राखेर अघि बढ्नुपर्ने अवस्थालाई प्राथमिकता दिएर आफूले अध्यक्षमा उम्मेदवारी नदिने निर्णय गरेको हुँ ।' पार्टीलाई एकतावद्ध बनाएर लैजान आफूले नयाँ नेतृत्वको चयन गर्नुपर्ने प्रस्ताव अघि सारेको अध्यक्ष डा. लोहनीले बताए। डा. लोहनीले अध्यक्षमा राजेन्द्र लिङदेनलाई समर्थन गर्ने घोषणा यस अघि नै गरिसकेका छन् । पार्टीमा नयाँ युगको सुरुवात महाधिवेशनले गर्नेभन्दै लोहनीले पार्टी फुटलाकि भनेर चिन्ता नगर्न पनि पार्टीका नेता, कार्यकर्तालाई आग्रह गरे । उनले भने, 'तपाईहरुले पार्टी फुटलाकि भन्ने चिन्ता नगर्नुस्, पार्टीमा फुट हुँदैन । अव पार्टीलाई एकतावद्ध बनाएर लैजानुको विकल्प छैन । त्यही काममा हामी लाग्नेछौं ।

नेतालाई सम्मान, कार्यकर्तालाई माया गरेर मात्रै पार्टीले मुलुकलाई निकास दिन सक्नेछ ।'तीनवटै अध्यक्षको भाषणमा पार्टी विभाजन नगर्ने छाआफ्नै पौरखमा भन्दा ठुला पार्टी कम्युनिस्ट र कांग्रेसको आड लागेर सत्तामा जान रुचाउने बानी परेको छापरिवर्तनलाई आत्मसात गरेर जान नसकेपछि राजसंस्था र हिन्दुराज्यको नारालाई जनताले पत्याउन सक्दैनन् । राष्ट्रवादी र देशभक्तहरुले अझै राप्रपालाई पत्याउने विश्वासमा रहेका नेताहरूले ब्यक्तिगत स्वार्थ भन्दा माथि उठेर दलीय ब्यवस्थालाई आत्मसात गर्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सहयोग मिल्नेछ | तुला | सत्कार मिल्नेछ |
| वृष | ब्यापारमा लाभ | वृश्चिक | आर्थिक समस्या |
| मिथुन | झमेला बड्ने | धनु | शत्रुको भय |
| कर्कट | मन चञ्चल | मकर | शारीरिक झमेला |
| सिंह | मानसिक तनाब | कुम्भ | अप्रत्यसित लाभ |
| कन्या | सम्मान मिल्नेछ | मीन | कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जीप दुर्घटनामा एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ,१५ मंसिर**

बागलुङको काठेखोला गाउँपालिका-१ पालामा जीप दुर्घटनामा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा तीन घाइते भएका छन् ।

मध्यपहाडी लोकमार्गको बागलुङ-अक्षते सडकखण्डको पाला खहरेमा बुधबार बा१८च ५६७७ नंको जीप दुर्घटना हुँदा बागलुङ नगरपालिका-७ सिमका ४५ वर्षीय श्याम शर्माको घटनास्थलमै मृत्यु भएको हो । प्रहरी नायब उपरीक्षक इकवाल हवारीका अनुसार दुर्घटनामा बागलुङ नगरपालिका-१ रामरेखाका ४६ वर्षीय टकबहादुर बोहोरा, ४४ वर्षीय दिनेश गिरी र २५ वर्षीय अजय शिवाकोटी घाइते भएका छन् ।

घाइतेको धवलागिरि अस्पतालमा उपचार भइरहेको छ । जीपमा सात जना सवार थिए । चालक र अन्य एक यात्रु फरार छन् । उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# ओमिक्रोन त्रासः मुस्ताङ प्रवेशमा कडाइ

**रासस**
**बागलुङ,१५ मंसिर**

कोरोना भाइरसको नयाँ 'भेरियन्ट ओमिक्रोन' त्रासका कारण हिमालपारिको जिल्ला मुस्ताङ प्रवेशमा कडाइ थालिएको छ । कोरोना सङ्क्रमणको अवस्था विस्तारै बढ्न थालेको भन्दै नयाँ भेरियन्ट भित्रिन नदिन प्रवेशमा कडाइ थालिएको हो ।

मुस्ताङ घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै गइरहेकाले पुनःसङ्क्रमण बढ्ने तथा नयाँ भेरिएन्ट भित्रिन सक्ने जोखिमका कारण जिल्ला प्रवेशमा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो ।

उहाँका अनुसार आज राति १२ बजेदेखि २९ गते राति १२ बजेसम्म लागू हुने गरी विशेषगरी पर्यटकका लागि सात दिनभित्रको पिसिआर नेगेटिभ रिपोर्ट वा खोप कार्ड वा पछिल्लो ७२ घण्टाभित्रको एन्टिजेन परीक्षण रिपोर्ट नभएका व्यक्तिलाई जिल्ला प्रवेशमा कडाइ गर्न लागिएको हो । यद्यपि मुस्ताङमा स्थायी बसोबास गर्दै आएका तथा पूर्ण खोप लगाएका कर्मचारी, शिक्षक र सुरक्षाकर्मीका लागि भने यो सर्त लागू नहुने जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले निर्णय गरेको छ ।

"मङ्सिर १५ गते राति १२ बजेदेखि २९ गते राति १२ बजेसम्म लागू हुने गरी मुस्ताङ प्रवेशमा विशेषगरी घुम्न आउनेका लागि कडाइ गर्न लागिएको छ । त्यसबाहेक जिल्लाभित्रका विभिन्न क्रियाकलापमा पनि कडाइ गर्दै आदेश जारी भएको छ", प्रजिअ शर्माले भन्नुभयो, "नेपाल भित्रिएका बाह्य पर्यटक तथा आन्तरिक पर्यटक एकपटक मुस्ताङ पुगेर आउने सोच राखेका हुन्छन् । अहिले विभिन्न देशमा नयाँ भेरियन्ट फैलिँदै गएका बेलामा पर्यटकका माध्यमबाट मुस्ताङसम्म पुग्न सक्ने जोखिमका कारण कडाइ गरिएको हो ।" जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले सार्वजनिकस्थलमा मेला, जात्रा, महोत्सव, भोजभतेर, हाटबजारलगायतका भिडभाड हुने खालका कार्यक्रम नगर्न आदेश दिएको छ । यस्तै विवाह, व्रतबन्ध, मृत्यु संस्कारलगायतका अनिवार्य कार्य गर्नुपरेमा बढीमा २५ जनाभन्दा भेला हुन नपाउने भनिएको छ ।

# बेनीमा सडक अतिक्रमण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ मंसिर**

म्याग्दी जिल्ला सदरमुकाम बेनी बजारमा सडक अतिक्रमण भएको छ । सडक अतिक्रमण गरी बनाइएका भौतिक संरचनाका कारण बजारमा विभिन्न किसिमको समस्या भएको छ ।

सडक अतिक्रमण गर्दा आवतजावत गर्न, सवारीसाधन दुर्घटना तथा बजारको सौन्दर्यमा असर परेको छ । जतातत होडिङबोर्ड, पेटीमा सामान राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने तथा जस्तापाताको छाप्रो बनाएर सडक अतिक्रमण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख इन्द्र नेपालीले जानकारी दिनुभयो ।

"साँघुरो सडक अतिक्रमण गरी बनाइएका संरचनाले ट्राफिक व्यवस्थापनमा समस्या देखिएको छ", उहाँले भन्नुभयो, "त्यस्ता संरचना हटाउनका लागि सहजीकरण गरिदिन बेनी नगरपालिकालाई पत्राचार गरेका छौं ।" बेनीबजार बेनी नगरपालिका-७ र ८ मा पर्छ । न्यूरोड, गणतान्त्रिक चोक, हुलाक चोक, क्याम्पस चोक, अस्पताल चोक, गणेश टोल, सङ्गम चोक र बालमन्दिर चोक क्षेत्रमा अतिक्रमण गरी बनाइएका संरचना हटाउनुपर्ने देखिएको छ ।

घर बाहिर बनाइएका अस्थायी छाप्रा र होडिङ बोर्डले सडक साँघुरिएको छ । पैदलयात्रु सडकबाटै हिँड्नुपर्दा दुर्घटनाको जोखिम बढेको नेपाली बताउनुहुन्छ। बेनी नगरपालिकाका पदाधिकारी, प्रशासन, सुरक्षा निकाय, उद्योग वाणिज्य सङ्घ र ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधिबीच मङ्गलबार बेनीमा अतिक्रमण हटाउनेबारे छलफल भएको छ । त्यस्ता संरचना १५ दिनभित्र हटाउन समय दिइएको छ ।

नगरप्रमुख हरिकुमार श्रेष्ठले सडक अतिक्रमण गरी बनाइएका संरचना हटाउन आजदेखि लागू हुने गरी १५ दिनको समय दिएको बताउनुभयो । "बेनी बजारलाई सुन्दर बनाउने अभियान छ", उहाँले भन्नुभयो, "होडिङ बोर्ड नगरपालिका र सुरक्षा निकाय मिलेर हटाउने निर्णय भएको छ ।" प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले सरोकारवालाको निर्णय बेनी बजारका व्यवसायीले कार्यान्वयन नगरेमा सुरक्षा निकाय बल प्रयोग गर्न बाध्य हुने बताउनुभयो । प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले बजारका सार्वजनिकस्थलका अस्थायी छाप्रा हटाएर पार्किङ व्यवस्थित गरिने बताउनुभयो । बेनीमा ट्राफिक व्यवस्थापनका लागि एकतर्फी पार्किङ, कालीगण्डकी र म्याग्दी नदी किनारका वैकल्पिक सडक सञ्चालन, खुला ठाउँमा पार्किङस्थल निर्माण र बहुउद्देश्यीय खेलमैदानमा बसपार्क सञ्चालन गरिएको थियो ।

# विद्यार्थीविहीन विद्यालय खारेज गरिने

**पोखरापत्र संवाददाता**
**दमौली, १५ मंसिर**

विद्यार्थी नभएका तनहुँका विद्यालयलाई खारेज गरिने भएको छ । शैक्षिक सत्र २०७७ देखि विद्यालयमा विद्यार्थी भर्ना नभई सञ्चालनमा नरहेका विद्यालयको अनुमति खारेज गर्ने तयारी गरिएको हो ।

शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख रमाकान्त शर्माको अध्यक्षतामा सबै स्थानीय तहका शिक्षा, युवा तथा खेलकुदका शाखा प्रमुखको मङ्गलबार सम्पन्न बैठकले विद्यार्थीविहीन विद्यालयको अनुमति खारेजीमा लैजान सबै स्थानीय तहहरूबाट तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ । आर्थिक वर्ष २०७८/७९ का लागि सरकारबाट प्राप्त सशर्त अनुदानअन्तर्गत तलब भत्ता र छात्रवृत्तिलगायतका विभिन्न शीर्षकहरू अध्ययन गरी उक्त शीर्षकमा विनियोजित रकम अपुग हुने भएमा पुष्ट्याइसहित शीर्षकगतरूपमा नपुग हुने रकमको विवरण मङ्सिर मसान्तसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा माग गरी पठाउने निर्णय भएको छ ।

बैठकले विद्यालयहरूमा छात्रवृत्ति रकम वितरण गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई छात्रवृत्ति पाउने विद्यार्थीको नाम उल्लेख गरी अभिलेख राखी स्थानीय तहले तोकेको दिनमा सार्वजनिक कार्यक्रम गरी वितरण गर्ने व्यवस्थाका लागि विद्यालयलाई परिपत्र गर्ने निर्णय भएको छ। शिक्षकको पेशागत सहयोग र विद्यलय अनुगमनको लागि प्रत्येक स्थानीय तहमा पेशागत सहयोग समूह निर्माण गर्ने र स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइबाट समन्वयात्मकरूपमा कार्यक्रम तय गरी संयुक्तरूपमा शिक्षकको पेशागत सहयोग र विद्यालय अनुगमन सुपरीवेक्षण प्रभावकारी तरिकाले गर्ने निर्णय भएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ ।

बैठकमा स्थानीय तहमा परेका शैक्षिक समस्या र समस्या समाधानका उपाय, यस वर्षको जिल्ला र दिवाखाजा, छात्रवृत्ति, बालविकास केन्द्र व्यवस्थापन, विद्यालयमा पुस्तकालय, सूचना तथा प्रविधि ल्याव, विज्ञान प्रयोगशाला, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, विद्यालय अनुगमन र शिक्षक पेशागत सहयोग, छात्राहरूलाई सेनेटरी प्याड वितरण, नमूना विद्यालयको निर्माणलगायतका विषयमा छलफल भएको थियो ।

# हिमपातको सम्भावना

**रासस**
**काठमाडौं,१५ मंसिर**

नेपालमा पश्चिमी वायुसँगै न्यूनचापीय प्रणाली (पश्चिमी ट्रफ) र अरब सागरमा बनेको न्यूनचापीय क्षेत्र (कम दबाब प्रणाली) को प्रभावले आगामी तीन दिन हिमपातको सम्भावना देखिएको छ ।

जल तथा मौसाम विज्ञान विभागले एक विशेष बुलेटिन निकालेर उक्त प्रणालीका कारण आज बेलुकादेखि देशका सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र वाग्मती प्रदेशका उच्च पहाडी तथा हिमाली भ-भागका धेरै स्थानमा मध्यमदेखि भारी हिमपात हुने सम्भावना देखिनाका साथै उक्त प्रदेशका पहाडी तथा तराईका केही भूभागमा फाटफुटदेखि हल्का वर्षाको समेत सम्भावना रहेको जनाएको छ ।

यी प्रणालीका कारण आगामी दिनमा तापक्रममा गिरावट आई चिसो बढ्नसक्ने सम्भावना रहेको बताइएको छ । विभागले यस मौसमी प्रणालीका कारण पर्वतारोहण, हवाई/यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । आगामी आइतबार साँझदेखि पुनः अर्को पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव देशमा पर्नसक्ने सम्भावना देखिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणानुसार बुधबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम छ दशमलव तीन डिग्री र अधिकतम तापक्रम २१ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव शून्य डिग्री र सबैभन्दा धेरै भैरहवाको अधिकतम तापक्रम ३० दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१


## सूचना सूचना सूचना

**पोखरा महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय**
**शिक्षा महाशाखा, ड्यामसाइड, पोखरा**

पोखरा महानगरपालिका वडा नं.९ बास्तोला थरमा सञ्चालित श्री प्राग्मा मन्टेश्वरी होम साझेदारी रुपमा सञ्चालन भई आएकोमा अबबाट शान्ति गैह्रे(ओझा)को एकल लगानी तथा शेयरबाट सञ्चालन गर्न यस महाशाखामा निवेदन पेश भएकोले एकल रुपमा सञ्चालन गर्न कोही कसैको दावी विरोध भए शिक्षा महाशाखामा यसै सूचना प्रकाशन भएको मितिले **पैंतिस दिन** भित्र दाबी विरोधको प्रमाण सहित निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना गरिन्छ ।

पुनश्च : म्याद नाघि आएको निवेदन सम्बन्धमा कुनै कारवाही हुने छैन ।

# अध्यक्ष नै स्वयम्सेवक शिक्षक बनेपछि खुल्यो विद्यालय

पोखरापत्र संवाददाता

पर्वत, १५ मंसिर

गाउँघरका सामुदायिक विद्यालय विद्यार्थीको अभावमा धमाधम बन्द भइरहेका छन् ।

विद्यार्थीको अभावमा बन्द भएका विद्यालय नजिकको विद्यालयमा गाभिए पनि कतिपय विद्यालय भने अभिभावकको पहलमा विद्यार्थी जुटाएर फेरि सञ्चालनमा आउन थालेका छन् । फलेवास नगरपालिका-८ ठानामौलामा पाँच वर्षसम्म बन्द रहेको एक विद्यालय अहिले सञ्चालनमा आउन थालेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष स्वयम्सेवी शिक्षक बनेर पढाउन थालेपछि जनता आधारभूत विद्यालयले पुनर्जीवन पाएको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दप्रसाद तिमिल्सिनाले आफू स्वयम्सेवी शिक्षक बनेर पढाउने प्रस्तावसहित विद्यालय खोल्न आग्रह गरेर अभिभावकको सहमति लिएपछि विद्यालय सञ्चालन भएको छ । बन्द रहेको विद्यालय यस वर्षको लकडाउनपछि गत भदौ ३० गतेदेखि सुरु भएको हो । विद्यालयमा अहिले २२ विद्यार्थी भर्ना भइसकेका छन् ।

लिमिठाना गाविसका पूर्वाध्यक्षसमेत रहेका तिमिल्सिना शिक्षण सेवाबाट अनिवार्य अवकाश भएपछि विद्यालय सञ्चालन गर्न जुट्नु भएको थियो । कक्षा १ देखि ५ सम्मका विद्यार्थी घण्टौंको यात्रा गर्दै अन्यत्रका विद्यालयमा गए पनि बाल कक्षाका विद्यार्थीलाई भने त्यो सम्भावना नहुने भएकाले बाल कक्षा भने सोही विद्यालयमा चल्दै आएको थियो । बाल विकास केन्द्रमा कार्यरत एक शिक्षक र एक कार्यालय सहयोगी मात्रै रहँदै आएको विद्यालयमा यतिखेर २ कक्षासम्मको पढाइ भइरहेको छ । अहिले क्रमिक रूपमा विद्यार्थी बढ्दै गएका र अब क्रमशः कक्षा ५ सम्मै पठनपाठन गराउने योजनामा आफूहरू रहेको तिमिल्सिना बताउनुहुन्छ । "पहिलो पटकको प्रयासमा कुरा मिलेन, म पनि त्यत्तिकै बसैं, विद्यालय सुरु गर्नैपर्छ भन्ने मेरो मनमा खसखस त छँदै थियो, फेरि दोस्रोपटक भेला बोलाएपछि गाउँलेले ल तपाईं नै अध्यक्ष भएर काम गर्ने भए हामी तयार छौं भने", उहाँले भन्नुभयो, "राजनीतिक रूपमा कसैले पनि हस्तक्षेप गर्ने, निहुँ खाज्ने गर्ने काम गर्ने हो भने म तयार छैन, मैले भनेको मान्ने हो भने म विद्यालय चलाउँछु भनेपछि सबैको सहमति भयो, अहिले २२ विद्यार्थी भर्ना गरिसकेको छु ।"विद्यालय सञ्चालनमा आएपछि अभिभावक पनि खुसी छन् । गाउँको विद्यालयलाई सबैको साझा तथा बराबर दायित्व भएको विद्यालयका रूपमा चलाउने भनेपछि घण्टौंको दूरीमा बालबालिकालाई विद्यालय पठाउँदै आएका अभिभावकको मनमा खुसी मिलेको अच्युतराज पन्तले बताउनुभयो ।

नगरपालिकाको शिक्षा शाखाप्रमुख कृष्ण आचार्यले लामो समयसम्म बन्द रहेको विद्यालय सञ्चालनमा आउनु खुसीको कुरा भएको जनाउँदै अहिले सुरुमा एक शिक्षकको दरबन्दी व्यवस्थापन गर्ने काममा आफूहरू लागेको बताउनुभयो । विद्यालयले क्रमिक रूपमा कक्षा थप गर्दै जाने र विद्यार्थी सङ्ख्यासमेत बढाउने भनेका कारण त्यो भएमा पुनः दरबन्दी पनि थप गर्न सकिने उहाँको भनाइ छ ।

# चौरासी वर्ष पुगेका अवसरमा विद्यालयमा अक्षयकोष

पोखरापत्र संवाददाता

बागलुङ, १५ मंसिर

बागलुङ नगरपालिका-१ निवासी ताराकुमारी शर्माले ८४ वर्ष पार गरेका अवसरमा उहाँका परिवारजनले विद्यालयमा अक्षयकोष स्थापना गरेका छन् । सोही वडास्थित रामरेखा आधारभूत विद्यालयमा रु ५१ हजार ५५५ को शैक्षिक अक्षयकोष खडा गरेको शर्माका छोरा रामप्रसादले जानकारी दिनुभयो ।

मङ्गलबार सो रकम ताराकुमारीसहित परिवारजनको उपस्थितिमा विद्यालयलाई हस्तान्तरण गरिएको थियो । चौरासी पूजा हुँदा सङ्कलित दक्षिणामा परिवारकातर्फबाट रकम थपेर अक्षयकोष राखिएको हो । "आमाको सम्मानमा अक्षयकोष स्थापना गरिएको हो, यसबाट विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति र शैक्षिक सामग्री प्रदान गर्ने उद्देश्य छ," छोरा रामप्रसादले भन्नुभयो । उहाँले आउँदा दिनमा अक्षयकोषको रकम बढाउँदै लाने योजना रहेको सुनाउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्रबहादुर केसीले शिक्षा मन्त्रालयले तोकेको कार्यविधिअनुसार नै अक्षयकोष सञ्चालन गरिने बताउनुभयो । उहाँले उक्त विद्यालयमा न्यून आय भएका परिवारका बालबालिका अध्ययनरत रहेकाले उनीहरूको शैक्षिक विकासमा अक्षयकोषबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । विद्यालयको सल्लाहकार समितिका संयोजक एवं समाजसेवी केवी रानामगरले शर्मा परिवारले आमाको सम्मानमा विद्यालयमा अक्षयकोष राखेर पुनित काम गरेको उल्लेख गर्नुभयो । उहाँले सो विद्यालयमा मजदुर, विपन्न र अल्पसङ्ख्यक समुदायका बालबालिका पढ्ने भएकाले सबै पक्षको सहयोगको खाँचो रहेको बताउनुभयो ।

विद्यालयको शैक्षिक र भौतिक गुणस्तर सुधारमा स्थानीय समुदाय नै बढी सक्रिय हुनुपर्ने रानामगरको भनाइ छ । विसं २०५५ मा स्थापना भएको सो विद्यालयमा शारीरिक अपाङ्गता भएका बालबालिका पनि अध्ययनरत छ । विद्यालयको भौतिक संरचना अपाङ्गतामैत्री छ।

# बन्दीपुर केबुलकार अन्तिम चरणमा

पोखरापत्र संवाददाता

बागलुङ, १५ मंसिर

जिल्लाका बन्दीपुरमा निर्माणाधीन केबुलकार सम्पन्न गर्न थप एक वर्ष लाग्ने भएको छ । गत दसैंअघिदेखि सञ्चालनमा ल्याउने तयारी गरिए पनि कोरोनाका कारण निर्माण कार्यमा ढिलाइ भएको हो ।

बन्दीपुरमा निर्माणाधीन केबुलकारको निर्माण करिब ९५ प्रतिशत पूरा भएको छ। भवन निर्माणसँगै केबुलकारको 'स्ट्रक्चर'को निर्माण अन्तिम चरणमा पुगेको छ । करिब डेढ तला क्विन टावर थप गर्नुपर्ने भएकाले मेकानिकल इक्युपमेन्ट बाहिरबाट ल्याउनुपर्ने हुँदा अझै केही समय लाग्ने देखिएको बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो ।

केबुलकारको क्यापासिटी बढाउने गरी स्टालेसन गर्ने कार्य भइरहेको छ । उहाँले भन्नुभयो, "इक्युमेन्ट प्रोडक्ट स्वदेशमै उत्पादन भए पनि टेक्नोलोजी बाहिरबाट आउनुपर्ने भएकाले ढिलाइ हुने भएको हो ।" गत वर्षको दसैंदेखि केबुलकार सञ्चालनमा ल्याउने प्रयास गरिए पनि कोरोनाका कारण निर्माणमा ढिलाइ हुन गएको उहाँले बताउनुभयो । एक वर्षअघि नै सञ्चालनमा ल्याउनुपर्ने योजना हो तर ढिलो भइहाल्यो, त्यसैले गुणस्तर र आकर्षण किसिमको बनाऊ भनेर लागिएकाले पनि ढिलाइ हुन पुगेको हो । उहाँले भन्नुभयो, "अब जति सक्दो छिटो सञ्चालन गर्ने तयारीका साथ काम थालिएको छ ।" सुरुमा तीन सयसम्म कामदार रहे पनि अहिले ५० देखि ६० जना कामदारले निरन्तर काम गरिरहेका छन् ।

फिनिसिङका लागि दक्ष जनशक्ति आवश्यक पर्ने भएकोले पुनः जनशक्ति बृद्धि गरिनेछ। बन्दीपुर केबुलकार परियोजनाले पन्ध्र तले क्विन टावरको दक्षिण एसियामा नै फरक उद्देश्यसहित निर्माण गरेको छ। केबुलकार सिधै चारतारे होटेलमा प्रवेश गर्ने व्यवस्था मिलाइएको छ । उक्त चारतारे होटेलबाट मनोरम सूर्योदयको दृश्य देख्न सकिनेछ । होटेलमा सिसमहल, वाक्स म्युजियम, प्लानेटरियम, भूत बङ्गला, एक हजार क्षमताको सम्मेलन केन्द्र, रेस्ट्रो जोन, स्विमिङ पुल र ६६ कोठा रहनेछन्। माथिल्लो स्टेसनमा निर्माण हुने क्विन टावरको लागत भने रु ८० करोड रहेको छ। कम्पनीले परियोजना थप आकर्षक बनाउन संसारकै अग्लो बन्जीजम्प, अग्लो मेकानिकल स्विङ, म्युजिकल वाटर सोसमेत बनाउने तयारी गरेको सञ्चालक तारानाथ उपाध्यायले जानकारी दिनुभयो। बन्दीपुर गाउँपालिका-४ ठूल्दुङ्गामा तल्लो स्टेसन र सोही वडाको बरालथोकमा माथिल्लो स्टेसन रहनेछ । ठूल्दुङ्गास्वाँराबाट बरालथोकसम्म जोडिने केबुलकारबाट घण्टामा दुई सयजनाले एकै पटकमा वारपार गर्न सक्नेछन्। केबुलकारले एक किलोमिटर ६ सय मिटर यात्रा गर्नेछ।

बैंकिङ पार्टनरका रूपमा नेपाल एसबिआई बैंक र एनएमबी बैंक लिमिटेड रहेका छन् । बन्दीपुर केबुलकार एन्ड टुरिजमको लागत रु एक अर्ब ६६ करोड ८९ लाख रहेकामा स्वपूँजी र कर्जा अनुपात ३९-६१ रहेको छ । परियोजनामा आरकेडी रियल स्टेट एन्ड कन्स्ट्रक्सन लिमिटेड र टुरिजम इन्भेष्टमेन्ट फन्ड लिमिटेडको ६१ प्रतिशत, पञ्चासे केबुलकार एन्ड टुर्स लिमिटेडको २५ प्रतिशत, बन्दीपुर गाउँपालिकालगायत स्थानीय लगानीकर्ताको १४ प्रतिशत शेयर वितरण गरेको बताइएको छ।

# घिरिङको विकट गाउँमा खानेपानी, स्थानीयवासी हर्षित

पोखरापत्र संवाददाता

तनहुँ, १५ मंसिर

जिल्लाको घिरिङ गाउँपालिका-५ स्थित च्याचुल गाउँमा खानेपानी सुविधा पुगेको छ । वर्षौंदेखि खोला र कुवाको खानेपानी उपयोग गर्दै आएका यहाँका स्थानीयवासीलाई स्वच्छ खानेपानी सुविधा पुऱ्याउने उद्देश्यसहित गाउँपालिकाले खानेपानी योजना निर्माण सम्पन्न गरेको हो ।

समुद्र सतहबाट एक हजार ५० मिटर उचाइमा अवस्थित च्याचुल गाउँमा अलैंची खानेपानी योजना निर्माण सम्पन्न गरिएको गाउँपालिकाका सल्लाहकार सुमनकुमार श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाको रु ६२ लाखको लागतमा निर्माण सम्पन्न गरिएको योजनाबाट ४६ घरधुरीमा खानेपानी विस्तार गरिएको छ। गत वर्षबाट निर्माण सुरु गरिएको खानेपानी योजना कोरोना त्रासका कारण केही समय ढिलाइ भएको थियो । "कोरोना त्रास न्यूनीकरणका लागि गरिएको बन्दाबन्दीमा पनि उपभोक्ताबाट निरन्तर काम भएको थियो", उहाँले भन्नुभयो, "घरघरमै खानेपानी सुविधा पुगेपछि स्थानीयवासी खुशी छन् ।" घरघरमै धारा जडान भएको खुशीयालीमा स्थानीयवासीले नाचगानसमेत गरेका छन् ।

घरघरमा धारा नहुँदा यहाँका स्थानीयवासी खानेपानीका लागि कुँवा र पँधेराको भर पर्नुपर्थ्यो । खानेपानीको जोहोका लागिबिहानैदेखिस्थानीयवासीलाई चिन्ता हुन्थ्यो। घरमै धारा पुगेपछि यहाँका स्थानीयवासीलाई अब उक्त चिन्ता हटेको छ। खानेपानी योजनाको मङ्गलबार उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले खानेपानी सुविधा नपुगेका हरेक घरमा खानेपानी पुऱ्याउने योजना साथ अगाडि बढेको बताउनुभयो । खानेपानी सुविधा नपुगेका ठाउँमा एक घर : एक धारा अभियान सञ्चालन गरिएको रानाले बताउनुभयो । गण्डकी प्रदेश सरकार, गाउँपालिका, निर्वाचन क्षेत्र विकास कार्यक्रम, पश्चिम नेपाललगायतको सहयोगमा खानेपानी सुविधा नपुगेका गाउँबस्तीमा खानेपानी पुऱ्याउने अभियान सञ्चलन गरिएको छ । हालसम्म गाउँपालिकाका एक हजार ७०० घरधुरीमा एक घर : एक धारा अभियान सम्पन्न भएको छ । करिब ४५० घरधुरीमा एक घर : एक धारा अभियान सम्पन्न हुने चरणमा रहेको छ । घिरिङ गाउँपालिका-१ स्थित गढिपल्लो गाउँ, पोखेलटोल, लामादी खापा पुट्टार, जगौली र पुत्गाउँमा खानेपानी सुविधा पुगिसकेको छ भने कटहरे, बैडी, भन्सार, अत्रौली, पुट्टारमा खानेपानीको काम भइरहेको छ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको रु १० करोड ६० लाख ६७ हजार ९०९ को लागतमा पाँचवटा योजना निर्माणाधीन अवस्थामा छन्। स्किम-१ अन्तर्गत कटहरेमा रु दुई करोड पाँच लाख ८३ हजार ११९, स्किम-२ अन्तर्गत पुट्टारमा रु दुई करोड १४ लाख ६८ हजार ६२१, स्किम-३ अन्तर्गत बैडीमा रु चार करोड आठ लाख १३ हजार ४२४, स्किम-४ अन्तर्गत भन्टारमा रु ५९ लाख १०४ र स्किम-५ अन्तर्गत अत्रौलीमा रु एक करोड ७३ लाख दुई हजार ६४० को लागतमा खानेपानी योजना निर्माण हुनेछ।

बृहत् खानेपानी योजनाबाट ५९७ घरधुरी लाभान्वित हुनेछन्। डिभिजन खानेपानी कार्यालयका अनुसार स्किम-१ बाट कटहरेका ८६, स्किम-२ अन्तर्गत पुट्टारका ८५, स्किम-३ अन्तर्गत बैडीका २४२, स्किम-४ अन्तर्गत भन्टारका ३९ र स्किम-५ अन्तर्गत अत्रौलीका १४५ घरधुरी लाभान्वित हुनेछन्। सबै खानेपानी योजनामा स्थानीयवासीले १० प्रतिशत श्रमदान गर्नुपर्नेछ। सबै योजनाको सम्पन्न गर्नुपर्ने म्याद विसं २०७९ असार २४ सम्म रहेको छ । घिरिङ-२ स्थित देउराली, छानुङ, आरामकोट, बोहोछाप, दुम्कोट, घुर्लीछाप, माहोरकोट, कोलडाँडा, घ्याछाप, फलानठाँटी, काठेकोट, छानुङमानुङ, गजरकोटमा प्रत्येक घरमा खानेपानी सुविधा पुगेको छ । सोही वडाको भोरकोटामा खानेपानी आयोजना निर्माण सम्पन्न हुने चरणमा छ । घिरिङ-३ स्थित काफलडाँडा, सिलिङखोला, लामोचौतारी, बाहुनचौतारी, घिरिङ हटिया, गैराथोक,डाँडाथोक,आर्चमबासमा प्रत्येक घरधुरीमा खानेपानी सुविधा पुगेको छ भने नेवापानी, पोखरीछापमा निर्माणाधीन छ। घिरिङ-४ स्थित कोटसाभुङ, धाब्दी, बट्यौलीटारमा घरघरमा खानेपानी पुगिसकेको र रामकोट, ठामडाँडा, फूला सिफ्लुङ, करुवाटार, पुर्कोटमा सम्पन्न हुने चरणमा पुगेको गाउँपालिकाले जनाएको छ।

# अध्ययन गरिँदै मनाङको पहिरो

–नवीन लामिछाने

मनाङ, १५ मंसिर (रासस)

हिमाली जिल्ला मनाङ असारको सुरुआतमै बाढीपहिराबाट क्षतविक्षत भएको थियो ।

पहिराले क्षति पुऱ्याएका क्षेत्रको स्थलगत अवलोकनमा पूर्व प्रधानमन्त्री एवं नेकपा( माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसहितको प्राविधिक टोली यहाँ आएको थियो थियो । त्यसपछि पनि अन्य सरोकारवाला सरकारी निकाय र राजनीतिक दलका नेताले सो क्षेत्रको अवलोकन गरेका थिए।

स्थलगत निरीक्षणपछि अध्यक्ष प्रचण्डले त्यतिबेला भावी योजनासहित अध्ययन गरेर दीर्घकालिन समाधानको खोजी गर्ने आश्वासन दिनुभएको थियो । त्यसैको परिणाम स्वरुप पहिलोपटक यहाँका ठूला आकारका पहिराको अध्ययन गर्न थालिएको छ। पहिरा जानुको कारण पत्ता लगाइ आगामी दिनमा थप पहिरा जान नदिनका लागि अध्ययन गर्न थालिएको हो। पहिराको रोकथामको उपाय पहिचान गर्ने प्रयास पनि अध्ययन गरिने प्राविधिकले बताएका छन्।

डुम्रे-बैंसीसहर-चामे सडक आयोजनाले अहिले परामर्शदाता खटाएर ठूला आकारका पहिराको विशेषज्ञमार्फत विशेष अध्ययन गर्न थालिएको हो । पहिराले मुख्यतः मनाङ जोड्ने एकमात्र मोटरमार्ग भत्किएपछि महिनौंसम्म आवतजावत रोकिएको अवरुद्ध भएको थियो । स्थलमार्ग रोकिँदा मनाङमा खाद्यान्न र औषधि आपूर्तिमा समेत समस्या भएको थियो।

डुम्रे-बैंसीसहर-चामे सडक आयोजनाका इन्जिनियर अच्युतविलास पन्तले सडकखण्डमा पर्ने ठूला आकारका पहिरोको अध्ययन गराउन थालिएको बताउनुभयो । सानातिनापहिराकोखासैअध्ययन आवश्यक नपर्ने भए पनि ठूला पहिराको अध्ययन आवश्यक रहेको उहाँले बताउनुभयो । "ठूला पहिरा आउनुको कारण पहिल्याउन आवश्यक छ । किनभने हरेक वर्ष पहिरा जाने अवस्थामा त्यहाँ कसरी पूर्वाधार व्यवस्थापन गरी रोक्न सकिन्छ भनेर अध्ययन भएमा दीर्घकालीन समाधान गर्न सकिनेछ", पन्तले भन्नुभयो, "हचुवाका भरमा सडकको पूर्वाधार खर्च बढी गर्नुभन्दा लामो समय टिकाउ हुने गरी सडक निर्माणका लागि पहिराको अध्ययन गर्नुपर्छ।"

उहाँका अनुसार स-साना पहिराको सडक आयोजना आफैँले अध्ययन गर्नेछ तर, ठूला पहिराको अध्ययन गर्ने क्षमता आयोजनासँग नभएपछि परामर्शदाता नै छनोट गरिएको छ। यो सडकखण्डमा सबैभन्दा ठूलो पहिरा कोतो, बगरछाप र सिरनातालमा झरेको छ । त्यसैगरी लमजुङ प्रवेश नाकामा पर्ने उदीपुरमा पनि ठूलो आकारको पहिरा खसेको छ। यहाँका यी पहिराको अध्ययन जरुरी रहेको उहाँले बताउनुभयो। "ठूला आकारका पहिरा खस्नुको कारण पहिल्याउनुपर्ने हुन्छ । त्यो क्षमता हामीमा छैन । पहिरा खस्नुको मुख्य कारण पहिल्याउन भूगोल नै अध्ययन गर्न थालिएको हो। पहिरा किन गयो ? त्यसका कारण पहिल्याउने प्रयास हुनेछ । आगामी दिनमा पहिरा झर्नुबाट रोक्न सकिने भएकाले परामर्शदाताले उपाय निकाल्ने अपेक्षासहित अध्ययन थालिएको छ । त्यसबाहेक रोकथामको उपाय पनि पहिल्याइनेछ", पन्तले भन्नुभयो । ठूलो वर्षाकै कारण हो वा भौगोलिक अवस्था कमजोर भएर पहिरा झरेको भन्ने कारण पहिल्याउन अध्ययन आवश्यक रहेको उहाँले बताउनुभयो। "दीर्घकालीन सोच राखेर अध्ययन गर्न थालिएको हो। अध्ययनपछि पहिराग्रस्त क्षेत्रमा सडकका पूर्वाधार निर्माणको काम अघि बढाइने उहाँले बताउनुभयो । "तत्कालै बलिया र ठूला आकारका संरचना त्यहाँ बनाउन भने मिल्दैन । अहिले बनाएर अर्को वर्ष बग्ने अवस्था आउनुहुँदैन । त्यो थाहा पाउन पनि अध्ययन गर्नैपर्ने भएको छ", उहाँले भन्नुभयो।

सडकको पहिराको अध्ययनका लागि न्यू डाइमेन्सन इन्जिनियरिङ सर्भिसलगायत परामर्शदाता छनोटमा परेमा छन् । न्यू डायमेन्सनका कार्यकारी प्रमुख सञ्जीव पाण्डेका अनुसार बैंसीसहर आसपास र चामेसम्मका मुख्य पहिरोको अध्ययन गर्नका लागि विज्ञसहितको टिम परिचान भएको छ । उहाँले भन्नुभयो, "त्यो खण्डमा झण्डै डेढ दर्जन ठाउँमा पहिरो झरेका छन्। तीमध्ये केही निकै नै भीषण आकारका छन् ।" अहिले विशेषज्ञ टोलीलाई खटाएर ती स्थानमा पहिरा झर्नुको कारणबारे अध्ययन भइरहेको छ । भूगर्वविद्, भूक्षय विज्ञ, इन्जिनियरिङ जिओलोजिष्ट, जलस्रोतविज्ञलगायत टोली सहभागी छन्।

"के कारणले पहिरा खसेको हो । भिरालो नै भएर हो वा वर्षाका कारण वा भौगोलिक बनोट नै कमजोर भएर त्यो अवस्था आएको भन्ने थाहा पाउन अध्ययन गर्नुपर्छ। त्यो अध्ययन भइरहेको छ", पाण्डेले भन्नुभयो, "अहिले पहिरा झरेको क्षेत्रलाई भविष्यमा कसरी जोगाउन सकिन्छ भनेर पनि अध्ययन आवश्यक छ । किन भने भविष्यमा पनि यस्तै आकारको पहिरा जाने अवस्था भएमा रोकथामको लागि सावधानी अपनाउन सकिन्छ । पहिरो जान नदिन के गर्ने र त्यो ठाउँलाई कसरी बचाउने भनेर पनि अध्ययन हुनेछ।"

उहाँका अनुसार ५० मिटर गहिराइसम्मको अवस्था पनि पहिल्याउने प्रयास हुनेछ । माटोको भारवहन क्षमता कमजोर भएर हो वा भीषण वर्षाकै कारण पहिरो झरेको भन्ने पत्ता लगाउन सकियो भने बल्ल भविष्यमा विकास निर्माण गर्न सहज हुने उहाँले भन्नुभयो । "अर्को वर्ष बाढी आउँदा त्यो बाटो थप क्षति नहोस् भनेर सचेत हुनुपर्नेछ किनकी सरकारले लगानी गर्दा पनि त्यही अनुसार गर्नेछ", उहाँले भन्नुभयो, "बालुवामा पानी हालेजस्तो अहिले लगानी गर्ने र अर्को वर्ष बाढीमा बग्ने गरी क्षति हुन दिनुभएन।"

आगामी दिनमा पहिरा झर्न नदिनका लागि अपनाउनुपर्ने रोकथामका विधि पनि यही अध्यनय टिमले थाहा पाउने उहाँको भनाइ छ। "कुन तरिकाले पहिरो रोक्न सकिन्छ भनेर पनि अध्ययन हुनेछ । तत्काललाई र दीर्घकालीन क्षति हुन नदिनका उपाय पनि पहिल्याउनेछौं", उहाँले भन्नुभयो । मनाङका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले असारको बाढीपहिराले धेरै नै क्षति पुऱ्याएकोले अध्ययन गर्न जरुरी मानेर प्रक्रिया अगाडि बढाएको बताउनुभयो । "मनाङ प्रवेश नाकामा नै ठूलाका पहिरा झरेका छन् । ती पहिराको अध्ययन जरुरी छ", आचार्यले भन्नुभयो, "पहिराका कारण पहिल्याउन सकेमा आगामी दिनमा थप क्षति नहुन सक्छ।"

उहाँका अनुसार कतिपय ठाउँमा पहिराका कारणले बस्ती नै जोखिममा छन्। ती बस्तीलाई पहिराका कारणले भविष्यमा असर पर्ने की नपर्ने भनेर पनि अध्ययनमार्फत् समाधान गर्ने माध्यम पहिल्याउन आवश्यक रहेको उहाँले बताउनुभयो । केही वर्ष अघि बगरछापमा पहिरा जाँदा त्यहाँको बस्ती दानाक्युमा सारिएको थियो।

त्यस्तै अवस्था अब आउने देखिएको उहाँले बताउनुभयो। "यहाँ पहिरा झरेर नदी थुनिने त्रास छ। वर्षामा पनि यहाँ पहिरो झरिरहन्छ । यहाँ सुक्खा अवस्थामा पनि पहिरो झर्छ। त्यही भएर पनि अध्ययन आवश्यक छ", आचार्यले उहाँले भन्नुभयो।